कर्म टासी छ्योलिङ खसु गुम्बाः
क्षेत्रको भव्य गुम्बा

लमजुङको बेसीशहर नगरपालिका-१० मा रहेको खासुर गाउँ एक रमणीय बस्ती हो। विशेषतः घले-गुरूङ समुदायको बसोबास रहेको यस गाउँमा केही दलित समुदायका मानिसहरूको पनि बसोबास रहेका छन्। सदरमुकाम बेसीशहरबाट करिब ५ किलोमिटरको दुरीमा रहेको यस गाउँसम्म हाल कच्ची मोटरबाटो पुगेको छ भने करिब २५ वर्षअघिदेखि नै विद्युत् सुविधा उपलब्ध छ।

झण्डै एक सय घरधुरी रहेको यो गाउँ पर्यटकीय गाउँका रूपमा पनि परिचित छ। तमू भाषामा 'खसु' भनिने यस गाउँमा पाहुनाहरूका लागि होमस्टेको व्यवस्था समेत गरिएको छ।

हालसालै खासुरमा सम्भवतः लमजुङकै एक भव्य "कर्म टासी छ्योलिङ खसु गुम्बा" निर्माण गरिएको छ। वि.सं. २०८२ मंसिर १४ देखि १८ गतेसम्म पाँच दिन अवतारी लामा गुरू ङवाङ साम्तेन टुल्कु लामाको प्रमुख आतिथ्यतामा विशेष पूजा सम्पन्न गरी उक्त गुम्बाको उद्घाटन गरिएको थियो।

विश्व शान्तिको आह्वानसहित आयोजित उक्त पूजामा खासुर तथा लमजुङ जिल्लाभरका सयौं बौद्ध धर्मावलम्बीहरूको सहभागिता रहेको

थियो।

झण्डै तीन करोड रूपैयाँको लागतमा वर्षौं लगाएर निर्माण गरिएको उक्त गुम्बा त्यस क्षेत्रका लागि एक नमूना संरचना बनेको छ। हिमालयन वज्रयानी बौद्ध धर्मका चारै सम्प्रदायलाई समेट्ने गरी निर्माण गरिएको यस गुम्बाले धार्मिक पर्यटनमार्फत यस क्षेत्रको विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ। साथै, गुम्बा परिसर वरिपरि स्तूपासहित भव्य बौद्ध पार्क निर्माण गर्ने योजना पनि समुदाय अघि बढेको छ।

खासुरमा यो पहिलो गुम्बा भने होइन। बौद्ध धर्म र गुम्बाप्रति खासुरवासीहरूको लगाव लामो समयदेखि रहँदै आएको छ। गाउँलेहरूले वि.सं. २०५८ सालमै पहिलो गुम्बा निर्माण गरेका थिए। बुद्ध धर्ममा आस्था राख्ने गाउँका आमाहरूले विभिन्न कार्यक्रममार्फत संकलन गरेको रकमबाट उक्त गुम्बा निर्माण गरिएको थियो, जसमा करिब १८ लाख रूपैयाँ खर्च भएको बताइन्छ। तर, २०७२ सालको महाभूकम्पले उक्त गुम्बालाई प्रयोगमा ल्याउन नसकिने गरी क्षति पुऱ्यायो। गुम्बा क्षतिग्रस्त भएपछि नयाँ गुम्बा निर्माणको आवश्यकता महसुस गर्दै गाउँलेहरूले पहल थाले। २०७४ सालको निर्वाचनपछि पृथ्वी सुब्बा गुरूङ गण्डकी प्रदेशको मुख्यमन्त्री बनेपछि ग्रामीण पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत खासुरको होमस्टेलाई समाजघर निर्माणका लागि सहयोग प्राप्त भयो। समाजघर उद्घाटनका क्रममा गाउँलेहरूले गुम्बाको अवस्थाबारे जानकारी गराएपछि गण्डकी प्रदेश सरकारले गुम्बा निर्माणका लागि १० लाख रूपैयाँ बजेट विनियोजन गऱ्यो। त्यहींबाट नयाँ गुम्बा निर्माणको थालनी भएको थियो।

यस निर्माणमा आमा समूहको अत्यन्त महत्वपूर्ण भूमिका रहेको छ। करिब १२ लाख रूपैयाँ खर्च गरेर जग मात्रै हालिएक० अवस्थामा रहेको गुम्बालाई पूर्ण स्वरूप दिन आमा समूहले उल्लेखनीय मेहनत गऱ्यो। साथै, गाउँका अगुवाहरूले विभिन्न लामा गुरूहरूसँग परामर्श गरी गुम्बाको स्वरूप निर्धारण गरेका थिए।

२०७९ सालको वैशाख पूर्णिमा (बुद्ध पूर्णिमा) का अवसरमा आमा समूहकै व्यवस्थापनमा तीन

दिनसम्म घाँटु नाच आयोजना गरी देश-विदेशमा रहेका गाउँले तथा चेलीबेटीहरूलाई आमन्त्रण गरिएको थियो। उक्त कार्यक्रमबाट करिब ६० लाख रूपैयाँ संकलन गरिएको थियो। त्यसैगरी, चितवन र मनाङमा भैलो खेल्दै थप आर्थिक सहयोग जुटाइएको थियो।

गुम्बा निर्माणका लागि आवश्यक ज्ञान र नमूना बुझ्न गाउँलेहरूले विभिन्न स्थानका गुम्बाहरूको अवलोकन समेत गरेका थिए। गुम्बा निर्माण सामान्य भवन निर्माणजस्तो नभई यसको आफ्नै धार्मिक विधि र मापदण्डहरू हुने भएकाले त्यसअनुसार योजना अघि बढाइएको थियो। गुम्बाको स्वरूप निर्धारण गर्ने क्रममा लामा थुप्तेन यस परियोजनामा संलग्न भई निर्माण कार्यको जिम्मेवारी सम्हालेका थिए।

गुम्बा निर्माणका लागि गाउँभित्र, सहर तथा विदेशमा बसोबास गर्ने समुदायका सदस्यहरूले उल्लेखनीय सहयोग गरेका छन्। स्थानीयहरूले श्रमदानदेखि नगद सहयोगसम्म गरेका छन् भने बाहिर बसोबास गर्नेहरूले पनि खुलेर सहयोग गरेका छन्। यसरी सामूहिक प्रयासबाट यो भव्य गुम्बा निर्माण सम्भव भएको हो। साथै प्रदेश सरकार, नगरपालिका र वडा कार्यालयबाट पनि केही सहयोग प्राप्त भएको छ।

प्रमुख सहयोगदाताहरू

१. भीम कुमारी घले - रू. २२ लाख
२. इन्द्रराज घले - रू. १२ लाख ९० हजार
३. भीमबहादुर घले - रू. ११ लाख

४. उत्त नारायण गुरूङ - रू. १० लाख ५ हजार

५. दीपक घले - रू. ५ लाख ५० हजार

६. पदमराज घले - रू. ५ लाख १० हजार

७. गिरिन्द्र घले - रू. ५ लाख १० हजार

८. रन प्रसाद घले - रू. ५ लाख

कर्म टासी छ्योलिङ खसु गुम्बा व्यवस्थापन समिति

१. अध्यक्ष - भरतराज घले

२. उपाध्यक्ष - देवी प्रसाद गुरूङ

३. सचिव - दुधप्रसाद घले

४. कोषाध्यक्ष - सरिता घले

सदस्यहरू: जीवराज घले, चनकबहादुर घले, रूपा घले, किम प्रसाद घले, विष्णुकुमारी गुरूङ, पुष्पा गुरूङ, मुनिन्द्र जंग गुरूङ, स्वामीप्रसाद गुरूङ, रामबहादुर गुरूङ, गंगा घले, अनिल गुरूङ